स्थानीय सरकारको रुपमा कार्यरत राइनास नगर कार्यपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य क्षेत्रगत नीति, कानून र मापदण्डको अधिनमा रही स्थानीय सरकारका अधिकार क्षेत्र र सवालका विषयमा जनमुखी, नतिजामुखी, पारदर्शी र उत्तरदायी हुने सङ्कल्पका साथ नगरको शासन, सेवा र विकासको अभियानलाई सुविचारित ढङ्गबाट अगाडि बढाउने प्रयास गरिएको छ । यो अभियानमा संघीय सरकार, प्रदेश सरकार, माननीय सांसदहरु, सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, उद्यमी व्यवसायी, प्रबुद्ध व्यक्तित्वहरु, समाजसेवी, नागरिक अगुवा र समग्र नगरवासीबाट उल्लेखनीय सल्लाह, सुझाव र पृष्ठपोषण प्राप्त गरेका छौं। जुन राइनासको भविष्य निर्माणको साझा मार्गदर्शन रहेको हाम्रो बुझाइ रहेको छ। अतः सबै सरोकारवालाको निर्णयमा सहज पहुँच पुगोस, खुला र जनउत्तरदायी सरकारको अवधारणालाई वास्तवमै नागरिकले अनुभुति गरोस भन्ने अभिप्रायले कार्यपालिकाबाट भएका निर्णयहरु सार्वजनिक गर्ने प्रयास गरिएको छ ।

राइनास नगरपालिकाको नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा मिति २०७९ पुष ११ गते सोमबार बसेको १२ औं नगर कार्यपालिकाको बैठकले छलफलमा पेश भएका १७ वटा कार्यसूचीहरु माथी छलफल गरी देहाय अनुसार निर्णय गरेको छ ।

<u>निर्णयहरु:</u>

१. २०७९ माघको पहिलो हप्ता ११ औं नगर सभा आयोजना गर्ने गरी आवश्यक व्यवस्थापन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

२. नगर कार्यपालिकाको कार्यालय एवं वडा कार्यालयबाट आ.व. २०७९/८० को प्रथम त्रैमासिकमा सम्पन्न कामको सार्वजनिक सुनुवाइ २०७९ पुष २९ गते नगर कार्यपालिकाको कार्यालयमा आयोजना गर्ने निर्णय गरियो।

३. संघ तथा प्रदेश सरकारबाट आ.व. २०८०/८१ मा सशर्त, समपुरक र विशेष अनुदानमा संचालन गरिने आयोजनाहरूको सूची तयार गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

४. नगरभित्रका अपाङ्गता भएका व्यक्ति एवं संस्थालाई दिइने राजश्व छुट, सामाजिक एवं सेवामुलक कार्यको लागि राजस्व छुट दिने प्रस्ताव तयार गरी अर्को बैठकमा पेश गर्न राजस्व परामर्श समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

५. नगरपालिकाले संघीय सरकारको लगानीमा वडा नं. ६ को स्याउलीमा निर्माणको क्रममा रहेको कोल्डस्टोरको स्वीकृत विस्तृत परियोजना प्रतिवेदन अनुसारको पूर्वाधार संरचना निर्माण गर्न बैठकमा पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। IEE प्रतिवेदन सहित जग्गा प्रासिको प्रक्रिया तत्काल अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

६. २०७८ एवं २०७९ सालको भारी वर्षातका कारण बस्न अयोग्य हुनेगरी आवासमा क्षति पुगेका तपसिलका नगरवासीहरुको घर पुनःनिर्माण तीन तहको सरकारको साझेदारीमा निर्माण गर्ने गरी नगर बिपत व्यवस्थापन समितिबाट सिफारिस भइ आएका लाभग्राहीहरुको नामनामेसी विवरण स्वीकृत गर्ने निर्णय गरियो।

CamScanner

| क.सं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १ | बिर बहादुर सार्की | रा.न.पा.- ७ |
| २ | सन्त माया बगाले | रा.न.पा.- ७ |
| ३ | बले भन्ने बलबहादुर नेपाली | रा.न.पा.- ६ |
| ४ | राम बहादुर सार्की | रा.न.पा.- ८ |
| ५ | पुर्ण बहादुर दमाइ | रा.न.पा.- ८ |
| ६ | फुल माया सार्की | रा.न.पा.- ८ |
| ७ | रेशम परियार | रा.न.पा.- ८ |
| ८ | रमेश कुमारी परीयार | रा.न.पा.- ८ |
| ९ | दुर माया गुरुङ | रा.न.पा.- १ |
| १० | सुक माया गुरुङ | रा.न.पा.- १ |
| ११ | शेर बहादुर कामी | रा.न.पा.- २ |
| १२ | तोप बहादुर कामी | रा.न.पा.- २ |
| १३ | देउ बहादुर कामी | रा.न.पा.- १० |
| १४ | भिमराज तामाङ | रा.न.पा.- ९ |
| १५ | कृष्ण बहादुर घिमिरे | रा.न.पा.- ९ |
| १६ | सुन्दर मान कामी (विश्वकर्मा) | रा.न.पा.- ९ |
| १७ | धन कुमार गुरुङ | रा.न.पा.- ९ |
| १८ | पुर्णे कामी | रा.न.पा.- १० |
| १९ | अमृत बहादुर न्यौपाने | रा.न.पा.- १० |
| २० | बिमल न्यौपाने | रा.न.पा.- १० |
| २१ | खिल बहादुर पाठक | रा.न.पा.- ६ |
| २२ | धन माया विश्वकर्मा | रा.न.पा.- ८ |
| २३ | विष्णु बहादुर गैरे | रा.न.पा.- ३ |
| २४ | भरत दमाइ | रा.न.पा.- ६ |

७. प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार ठेक्का बन्दोबस्ती भई बोलपत्र मूल्यांकन समितिको सिफारिस अनुसार भगवती निर्माण सेवा प्रा. लि. ले पेश गरेको बोल अंक रु. ७,९५,००,९९९/- न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले स्वीकृत गर्ने निर्णय गरियो। साथै तत्काल ठेक्का सम्झौता गराई कार्य प्रारम्भ गर्न नगर कार्यपालिकालाई निर्देशन गरियो।

८. विधेयक समितिको सिफारिस बमोजिम स्वीकृतिको लागि पेश भएको अति विपन्न, विपन्न दलित, जनजाति र अल्पसङ्ख्यक समुदाय स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९ सरोकारवालाको सुझाव सहित अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

९. कार्यपालिकामा पेश गर्ने भनी तोक आदेश भएका, बजेट तथा कार्यक्रम माग एवं प्रस्ताव र आर्थिक सहयोग सम्बन्धी अनुरोध भएका विषयमा छलफल गरियो। अर्को बैठकमा छलफल गरी पुनः पेश गर्ने निर्णय गरियो ।

CamScanner

१०. ठूलो चौपायाहरुको शव व्यवस्थापन गर्न डोजरको मागका लागि सेवाग्राहीबाट निवेदन भएमा प्रतिघण्टा तोकिएको डोजर शुल्क लिई सेवा उपलब्ध गराउने निर्णय गरियो।

११. नगर भित्रका सबै पशुहरूको पशु स्वास्थ्य बीमा कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

१२. नगरपालिकाको आ.व. २०७८/७९ को LISA र FRA को तथ्यांक संकलन, प्रणालीमा प्रविष्टि लगायतका कार्यहरु तत्काल सुरुवात गर्ने निर्णय गरियो। LISA तथा FRA का प्रत्येक सूचकका विषयमा बैठकमा जानकारी गराइयो।

१३. स्थानीय भू-उपयोग परिषदले स्वीकृति गरेको भूउपयोग वर्गिकरण बमोजिम जग्गा कित्ताकाट सम्बन्धी मालपोत एवं नापी कार्यालयमा सिफारिस गर्ने कार्य हालसम्म प्रमुख उपप्रमुखबाट हुँदै आएकोमा निजहरुको कार्यचाप र कार्यव्यस्तताका कारणले सेवाग्राहीले समयमा सेवा नपाएको जनगुनासो आएकोले उक्त अधिकार वडा अध्यक्षलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

१४. ३० वर्ष उमेर समूह माथिका नगरवासी महिलाहरुको पाठेघरसँग सम्बन्धी सम्भावित रोग/जोखिम पहिचान गर्न देहायका स्थानमा स्वास्थ्य शिविर (VIA क्याम्प) सन्चालन गरिने भएकोले सबै नगरवासी लाभग्राहीलाई उक्त शिविरमा सहभागी भई सेवा लिन अपिल गर्ने निर्णय गरियो।

| मिति | वडा | स्थान |
|---|---|---|
| २०७९/०९/२५ | ९ | मोहरीयाकोट स्वास्थ्य चौकी, साउनेपानी |
| २०७९/०९/२६ | १० | प्यारजुङ स्वास्थ्य चौकी, लामागाउँ |
| २०७९/०९/२७ | ३ | आधारभुत स्वास्थ्य सेवाकेन्द्र, जेठाक |
| २०७९/०९/२८ | ६ | धमिलिकुवा स्वास्थ्य चौकी, धमिलिकुवा |

१५. नगरक्षेत्र भित्रका सबै वन समितिहरु, खानेपानी तथा सरसफाइ सम्बन्धी समितिहरु र गैह सरकारी संस्थाहरुले तत्काल वडा कार्यालयमार्फत नगरपालिकामा एक हसाभित्र सूचीकरण गर्न निर्देशन गर्ने निर्णय गरियो। साथै वडा कार्यालयले समन्वय बैठक राखी सबै समितिलाई लेखापरीक्षण प्रतिवेदन, आयव्यय सार्वजनिक, साधारण सभा र नयाँ कार्यसमिति चयन गर्ने, संस्था समितिहरुको अनुगमन गर्ने कार्य तदारुकताका साथ अगाडि बढाउने निर्णय गरियो।

१६. प्रधानाध्यापकहरुको २०७९/०९/०५ को बैठकबाट अनुरोध भई आएको पालिकास्तरीय तथा जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्डको तयारीको लागि जुडो कराते प्रशिक्षक माग सम्बन्धी प्रस्ताव उपर छलफल गर्दा मासिक अधिकतम २५ हजार पारिश्रमिक दिने गरी २ (दुई) जना प्रशिक्षकको सेवा ३ (तीन) महिनाका लागि छिटो प्रक्रिया मार्फत लिने निर्णय गरियो। माध्यमिक विद्यालयमा हप्तामा २ (दुई) दिन विहान साँझ समेत सेवा दिने गरी सेवा लिने तथा विद्यालयहरुसँग समन्वय गरी कार्यतालिका निर्धारण नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले व्यवस्था मिलाउने निर्णय गरियो।

१७. प्रसुती विदामा रहेका कारण शिक्षण सिकाइमा वैकल्पिक व्यवस्था गर्न नसकेका आधारभूत तहका विद्यालयहरुमा शिक्षण सिकाइमा निरन्तरता दिन विद्यालय व्यवस्थापन समितिको निर्णय, वडा कार्यालयको सिफारिस, शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिस समेतको आधारमा कार्यचाप, सिकाइमा पर्ने असर समेतलाई दृष्टिगत गरी अधिकतम ३ (तीन) महिनासम्म मासिक २० हजारमा नबढ्ने गरी शिक्षक सेवा करारमा लिने निर्णय गर्ने अधिकार नगरप्रमुखलाई प्रत्यायोजन गर्ने गरियो। सो निर्णय अनुमोदनका लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

१८. राइनास नगरपालिका वडा नं. २ स्थित भलायखर्क स्वास्थ्य चौकीमा अ.न.मी. (चौथो तह) पद संख्या २ (दुई) रिक्त भई सेवा प्रवाह गर्न कठिन भएकोले तत्काल (७ दिनको सूचना प्रकाशन गरी) उक्त पदमा लोक सेवा आयोगबाट स्थायी पदपूर्ति नभएसम्म करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो।

१९. भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन, लाभग्राही छनौट सम्वन्धी हालसम्मको प्रगति समीक्षा गरियो। तत्काल नगरस्तरीय सहजीकरण समितिको बैठक राखी सुझाव सहितको प्रतिवेदन अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुको सकरात्मक सहयोग, सद्भाव र सहभागिताको अपेक्षा राइनास नगरपालिकाले गरेको छ। धन्यवाद।

गोविन्द चिलुवाल
प्रवक्ता
नगर कार्यपालिका

CamScanner